आज मिति २०६६ साल ज्येष्ठ ०८ गते दिउँसो १:०० बजे बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारी-हरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न-अनुसारको छलफल एवं निर्णय गरियो।

उपस्थिति;

१. नगर प्रमुख श्री गुमानसिंह अर्याल
२. नगर उप-प्रमुख श्री लक्ष्मीदेवी अधिकारी
३. वडाध्यक्ष -१ श्री बलराम श्रेष्ठ
४. " -२ श्री गणेश बहादुर कँडेल खत्री
५. " -३ श्री सुर्य कुमार श्रेष्ठ
६. " -४ श्री लालबिर गुरुङ
७. " -५ श्री बम बहादुर गुरुङ
८. " -६ श्री भोज बहादुर रिमाल
९. " -७ श्री गोविन्द बस्नेत
१०. " -८ श्री पवित्रा थापा राना
११. " -९ श्री शरद बराल
१२. " -१० श्री पूर्ण बहादुर थापा
१३. " -११ श्री अच्युत बाबु वगाले
१४. कार्यपालिका सदस्य श्री विष्णमाया राना
१५. " " श्री मन्दिरा दनाई
१६. " " श्री मनमाया गुरुङ
१७. " " श्री आशा तामाङ
१८. " " श्री कृष्ण नेपाली
१९. " " श्री देब बहादुर गहतराज
२०. " " श्री दोज बहादुर खवास
२१. " " श्री अजय मजाकोटी
२२. सदस्य सचिव (प्र०प्र० अधिकृत) श्री मोहनप्रसाद मराशिनी

सहजकर्ता कर्मचारी;

२३. का० अधिकृत श्री महेन्द्र पोखरेल
२४. परामर्शदाता श्री कृष्ण प्रसाद घर्ती
२५. ना० सु० श्री लक्ष्मण शर्मा
२६. करुणा के सी - प्रेस सल्लाहकार

## निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।**

कार्यपालिकाको गत मिति २०७६/०१/१८ को बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा जानकारी भई समीक्षा गरियो ।

**निर्णय नं २ : आगामी आव २०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य तालिका एवम् पाचौं नगरसभा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आव २०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा एवम् पाचौं नगरसभा सम्बन्धमा छलफल हुँदा योजना तथा बजेट तर्जुमा सम्बन्धी भेला, बैठक र सभा देहायको कार्यतालिका अनुसारको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | मिति | कैफियत |
|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | २०७६जेष्ठ १५ | |
| २. | श्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठक | २०७६ जेष्ठ १६ | |
| ३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७६ जेष्ठ १७ | |
| ४. | वडास्तरीय योजना तर्जुमा गोष्ठी | २०७६ जेष्ठ २०,२१ र २२ | |
| ५. | विषयगत समितिको बैठक | २०७६ जेष्ठ २३,२४ र २५ | |
| ६. | कार्यपालिका बैठक | २०७६ जेष्ठ २६ र असार ३ | |
| ७. | नगरसभामा नीति, योजना तथा कार्यक्रम पेश | २०७६ जेष्ठ २७ | |
| ८. | पाचौं नगरसभा | २०७६ असार ५ | |

**निर्णय नं ३ : प्रचलित कानुन विपरीत गरिएको ढुंगा गिटी बालुवा उत्खनन्, संकलन तथा विक्रीवितरण कार्य रोक्ने सम्बन्धमा**

वातावरण संरक्षण ऐन तथा नियमावली २०५३ वमोजिम प्रारम्भिक वातवरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन समेत नगराई नगपालिकाले ठेक्का बन्दोबस्त गरेभन्दा बाहिरका क्षेत्रबाट प्रचलित कानुन विपरीत गरिएका ढुंगा,गिटी, बालुवा तथा अन्य प्रकृतिक श्रोत उत्खनन्, संकलन तथा विक्रीवितरण सम्बन्धी कार्य तत्काल रोक्ने निर्णय गरियो ।

**निर्णय नं ४ : ढुंगा गिटी बालुवा उत्खनन्, संकलन तथा विक्रीवितरण अध्ययन समिति गठन सम्बन्धमा**

ढुंगा, गिटी, बालुवा जस्ता नदीजन्य श्रोतको उत्खनन्, संकलन तथा विक्रीवितरणको लागि नगरपालिकाले ठेक्का बन्दोबस्त गरी अनुमति दिने कानूनी व्यवस्था वमोजिम श्रोत संकलन हुन सक्ने आवश्यक परिमाण र पहुँच मार्ग निर्माणको अवस्था र आवश्यकता, श्रोत संकलनको क्षेत्र किटानी, विक्रीवितरण तथा यस सम्बन्धी अन्य पक्षहरु समेत स्थलगत रुपमा अध्ययन गरी नगरपालिकालाई आवश्यक सुझाव दिने कार्यको लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

*निम्न :*

१.पूर्ण बहादुर थापा वडाध्यक्ष, वेनपा १०
२.बलराम श्रेष्ठ वडाध्यक्ष, वेनपा १
३.गोविन्द बस्नेत वडाध्यक्ष, वेनपा ७
४.गणेश कँडेल वडाध्यक्ष, वेनपा २
५.भोज बहादुर रिमाल वडाध्यक्ष, वेनपा ६

**निर्णय नं ५ : व्यवसाय कर र घर बहाल कर नतिर्नेहरुको धितो मूल्यांकन सिफारिश रोक्ने सम्बन्धमा ।**
नगरपालिकाले तोके वमोजिम चालु आव २०७५।०७६ मा घरबहाल तथा व्यवसाय कर नबुझाउने करदाताहरुको सम्पतिको धितो मूल्यांकन सिफारिश रोक्ने निर्णय गरियो । साथै यस सम्बन्धमा बेसीशहर स्थिति बैंकहरुलाई कर चुक्ता प्रमाण विना ऋण नदिन र ऋण नविकरण नगर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : होमस्टेको अनुदानको लागि लागत साझेदारी सम्बन्धमा ।**
ग्रामीण पर्यटन प्रवर्द्धन कार्यक्रम (होमस्टे) को लागि प्रदेश सरकारबाट अनुदान प्राप्त गर्न सफल ग्रामीण पर्यटन समितिहरुलाई रु १५००००।- (एक लाख पचास हजार मात्र) का दरले नगरपालिकाको तर्फबाट ग्रामीण पर्यटकीय गाउँमा पर्यटन प्रवर्द्धन लागत साझेदारी शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : विपद सहयोग सम्बन्धमा ।**
आगलागी तथा चट्याङबाट क्षति पुग्न गएका देहायका व्यक्तिहरुलाई देहाय अनुसारको रकम राहतस्वरुप विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | नामथर | ठेगाना | विपदको विवरण | राहत रकम रु |
|---|---|---|---|---|
| १ | गोपाल बहादुर कमली | बेसीशहर नगरपालिका ११ | घर आगलागी भएको | ४०,००० |
| २ | रामकृष्ण श्रेष्ठ | बेसीशहर नगरपालिका १० | पहिरोले घर भत्किएको | १५,००० |
| ३ | आनन्द अधिकारी | बेसीशहर नगरपालिका १ | चट्याङबाट मानिस घाइते तथा पशुचौपाया मरेका | ३०,००० |

**निर्णय नं ८ : विपन्न दलित आय आर्जन कार्यक्रम (मागमा आधारित) सम्बन्धमा ।**
तेश्रो नगरसभाबाट विपन्न दलित आय आर्जन शिर्षकमा विनियोजित रकमबाट विभिन्न आयमूलक कार्य गर्नको लागि माग निवेदन पेश गर्ने सो समुदायका व्यक्तिहरुको यथार्थ आवशकता पत्ता लगाई उनीहरुले गर्दै आएको व्यवसायमूलक कार्यलाई थप टेवा पुऱ्याउन आवश्यक सहयोग गर्ने जिम्मेवारी नगरप्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय नं ९ : चलचित्र छायाङ्कन क्षेत्र (Film city) तोक्ने सम्बन्धमा**
नेपाल चलचित्र बोर्ड देखाई दि स्काई मुभिजले चलचित्र छायाङ्कन क्षेत्र (Film city) को लागि लमजुङ जिल्लालाई उपयुक्त मानेको सन्दर्भमा यस बेसीशहर नगरपालिका वडा नं ३,र ४ गाउंशहर, काउलेपानी पुरानकोट क्षेत्र, वडा नं ५ र ९ को बाखेजगत शितलेस्वाँरा क्षेत्र तथा वडा नं १० चित्रेडाँडा क्षेत्रको सार्वजनिक तथा सरकारी जमिन फिल्म सिटीको लागि बढी उपयुक्त देखिएको हुँदा आवश्यक विधि र प्रक्रिया पुऱ्याई उपरोक्त क्षेत्रमा फिल्म सिटी निर्माणका निमित्त सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : निर्माण व्यवसायीको घ वर्गको इजाजत पत्रको ठाँउसारी तथा नामसारी शुल्क/दस्तुर सम्बन्धमा**
निर्माण व्यवसायीको घ वर्गको इजाजत पत्रको ठाँउसारी तथा नामसारी दस्तुर सम्बन्धमा सम्बन्धमा छलफल हुँदा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी देहाय अनुसारको शुल्क/दस्तुर निर्धारण गर्ने निर्णय गरियो ।
*देहाय:*
निर्माण व्यवसाय ठाउँसारी आउनेको हकमा रु. ५०००।-
निर्माण व्यवसाय ठाउँसारी जानेको हका रु. ५०००।-
निर्माण व्यवसाय नामसारी रु. ५०००।-

**निर्णय नं ११ : शिक्षातर्फ कक्षा आठको मार्कसिट सफ्टवेयरको रकम भुक्तानी सम्बन्धमा ।**
शिक्षातर्फ कक्षा ८ को परीक्षा व्यवस्थापन अन्तर्गत वेभ एप्लिकेशन प्रणालीमा लैजाने सम्बन्धमा टाइम्स इन्जिनियरिङ सर्भिसेस एण्ड सर्प्लस प्रा.लि.र बेसीशहर नगरपालिका विच समझदारी भै कार्य सम्पन्न भएको हुँदा

उक्त संस्थालाई भ्याट सहित रु १,५०,०००।- (अक्षरेपी  एक लाख पचास हजार मात्र) अ.ल्या.शिर्षकको विभिन्न ऐन, रणनीतिक योजना कार्यविधि निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १२ : पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुँद प्रतियोगिताको लागि सहयोग गर्ने सम्बन्धमा ।

"राष्ट्रका लागि खेलकुँद, स्वास्थ्यका लागि खेलकुँद, सबैका लागि खेलकुँद"भन्ने नाराका साथ यस जिल्लाको सुन्दरबजार खेलमैदानमा हुने पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुँद प्रतियोगिताको लागि प्राप्त निवेदन प्रस्ताव समेतको आधारमा सो प्रतियोगिताको लागि अ.ल्या.तर्फको विविध खेलकुँद प्रवर्द्धन कार्यक्रम (मेयर कपमा थप रकम समेत) शिर्षकबाट रु.२,००,०००।- (दुई लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १३ : घ वर्गको इजाजत पत्र सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र सम्बन्धी कार्यविधि २०७४ वमोजिम तोकिएको काजगात सहित निवेदन पेश गर्ने देहायको संस्थालाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

*निम्न :*

१. दनाई कन्स्ट्रक्सन बेसीशहर ८ (प्रोपराइटर मिलन शर्मा दनाईं)

निर्णय नं १४ : भवन हस्तान्तरणको लागि अनुरोध गर्ने सम्बन्धमा

बेसीशहर नगरपालिका वडा नं ७ सहजीमा निर्माणाधिन शहरी विकास तथा भवन डिभिजन कार्यालयको भवन हाल सो कार्यालय गोरखामा सरेको एवम् बेसीशहरबाट हटेको र बेसीशहर नगरपालिका वडा नं ७ को वडा कार्यालयका साथै शहरी स्वास्थ्य केन्द्र सञ्चालनार्थ भवनको आवश्यकता परेको हुँदा सो भवन बेसीशहर नगरपालिकालाई हस्तान्तरण हुने व्यवस्थाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १५ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको पुर्णता सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६ वमोजिम यस नगरपालिकामा गठन गरिएको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सोही दफाको उपदफा १ (ग) वमोजिमको रिक्त एक सदस्यमा कार्यपालिका सदस्य श्री अजय मजाकोटीलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं १६ : वडास्तरीय योजना संशोधन सम्बन्धमा

तेश्रो नगरसभाबाट पारित भएका देहायका योजनालाई देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

*देहाय*

| वडा नं | साविक योजनाको नाम | संशोधित योजनाको नाम |
|---|---|---|
| २ | बागेश्वरी आमा समुह भवन (वडास्तरीय) | बागेश्वरी आमा समुह भवन फर्निचर व्यवस्थापन |
| ८ | सीपमूलक कार्यक्रम (महिला र अपांगताको लागि) (वडास्तरीय) | अपांगता भएका महिलाहरुको लागि तालिम रु ५००००।- |
| | | महिलाहरुको लागि आय आर्जन तालिम रु १०००००।- |
| ७ | क्याम्पस रोड मर्स्याङ्दी नाली निर्माण बेनपा ७ (रु ५ लाख) (नगरस्तरीय) | कवडहल भौतिक पूर्वाधार निर्माण बेनपा ७ बन्थोक आले पुछार (रु ५ लाख) |

निर्णय नं १७ : वडाको चालु खर्चको बजेट रकमान्तर सम्बन्धमा

चालु आव २०७५।७६ मा वडा कार्यालय सञ्चालनको लागि नगरपालिकाबाट विनियोजन गरिएको रकममध्ये वडा समितिको बैठक भत्ता वापतको रकम खर्च नहुने भएकोले सम्बन्धित वडाहरुको सिफारिश समेतको आधारमा बैठक भत्ता शिर्षकको रकम देहाय अनुसारका योजना तथा कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो ।

निम्न :

| वडा नं | चालु खर्च (बैठक भत्ता) | रकमान्तर गरिएको योजना/कार्यक्रमको नाम | विनियोजि रु | कैफियत |
|---|---|---|---|---|
| ८ | २५०००० | १.कर्पुरेश्वर पार्कदेखि कर्पुरेश्वर मन्दिर सडकमा थप रकम | १८०००० | |
| | | २. मेयर कप फुटबल प्रतियोगिता | ४२००० | |
| | | ३.वम बहादुर दनाईको घरदेखि नेत्र बहादुर दनाईको घरसम्म अधुरो नाली निर्माण | २८००० | |
| ७ | २२०००० | १.पुमा खोला संरक्षण | २२०००० | |

निर्णय नं १८ : गुनासो सुनुवाई समिति गठन सम्बन्धमा

नवीकरणीय ऊर्जा विस्तार कार्यक्रम अन्तर्गत यस बेसीशहर नगरपालिकाको बेसीशहर बजार क्षेत्रमा निस्कने जैविक फोहोरबाट यसै वडाको वडा नं ८ मा ऊर्जा (बायोग्याँस) परियोजना (Municipal Waste to Energy Project) सञ्चालन गर्न लागिएको सन्दर्भमा परियोजना क्षेत्रको वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन ( Environmental and Social Impact assessment- ESIA ) को लागि गुनासो सुनवाई समिति गठन गर्नुपर्ने भएको हुँदा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यविधि समेतको आधारमा देहाय वमोजिमको गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो ।

*देहाय :*

१. पवित्रा थापा - वडाध्यक्ष, बेनपा ८, — संयोजक
२. भूपाल दनाई - प्रभावित क्षेत्रको बासिन्दा बेनपा ८, — सदस्य
३. कल्पना बोहरा - प्रभावित क्षेत्रको बासिन्दा बेनपा ८, — सदस्य
४. राजेन्द्र बोहरा- स्थानीय गैर सरकारी संस्थाको प्रतिनिधि, आरसिडिसी, — सदस्य
५. प्रवर्द्धक संस्थाको प्रतिनिधि- — सदस्य सचिव

निर्णय नं १९ : वडा स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धमा

यस नगरपालिका अन्तर्गत वडा नं ७ मा वडा स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्ने र यसको लागि भवनको आवश्यकता देखिएको हुँदा सोही वडाको सहजीमा निर्माण सम्पन्न हुन लागेको शहरी विकास तथा भवन डिभिजन कार्यालयको भवन सो कार्यालय यस जिल्लामा नरहेको स्थितिमा उपयोग विहीन अवस्थामा रहेको हुँदा तत्कालको लागि सो भवनमा वडा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।